# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मण्डनदेउपुर नगरपालिका

### काभ्रेपलाञ्चोक




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मण्डनदेउपुर नगरपालिका

### काभ्रेपलाञ्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मण्डनदेउपुर नगरपालिका

काभ्रेपलाञ्चोक

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. ८२ मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू,
मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

## कैफियत सहितको राय

हामीले मण्डनदेउपुर नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.६ करोड ४० लाख ८१ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रू.९ लाख ५१ हजार फस्योँट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ करोड ८७ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड १२ लाख ५७ हजार, नियमित गर्नुपर्ने रू.२९ लाख ७० हजार र पेश्की रू.१ लाख ६९ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रू.१५ करोड ४२ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.२० करोड ६५ लाख ७६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(श्याम प्रसाद भण्डारी)**
**नायब महालेखापरीक्षक**

# मन्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

## १.  चालु वर्षको बेरुजु २०७८।७९

## १.१.  बेरुजु वर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | १९६ | ६४०८१ | ० | ४८ | ९५१ | ४० | १४८ | ६३१३० | २८७३४ | २९७० | ३१२५७ | ० | ० | ३४२२७ | १६९ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ६ | दाखिला गर्न बाँकी कर दाखिला भई फस्यौंट | ११०००० |
| २ | १६ | अनुदान फिर्ता बांकी संघीय संचित कोषमा फिर्ता भई फस्यौंट | ७२०० |
| ३ | २६ | ऐन विपरितको बैठक भत्ता असुल भई फस्यौंट | १३६०० |
| ४ | २७ | ऐन विपरितको अनुगमन भत्ता असुल भई फस्यौंट | ५१८५० |
| ५ | ६५ | छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भई फस्यौंट | ७१६६०० |
| ६ | ६८ | निर्देशिका विपरितको भत्ता असुल भई फस्यौंट | २८९०० |
| ७ | ७४.१ | भ्रमण खर्च असुल भई फस्यौंट | २०००० |
| ८ | ७४.२ | बढि भुक्तानी रकम असुल भई फस्यौंट | ३२०० |
| जम्मा | | | ९५१३५० |

## २.  अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मण्डनदेउपुर नगरपालिका | १५४२७९ | ० | १०८३३ | १४३४४६ | ० | ६३१३० | २०६५७६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मण्डनदेउपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्रीधर के सी | २०७८-७-२६ | २०७८-१२-१३ |
| कार्यालय प्रमुख | डा. लोकबहादुर लोप्चन | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुष्प राज बजगाई | २०७६-८-२० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६३,१२९,९४७.५७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २२,५७,२४,६०७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६,०९,८८,००० | **चालु खर्च** | ४१,४३,६५,८१९ |
| **प्रदेश सरकारबाट अनुदान** | ७,१८,६२,००० | **पूँजीगत खर्च** | ३५,६२,६६,८०३ |
| **राजश्व बाँडफाँट** | २२,९२,२५,८६५ | **वित्तीय/अन्य व्यवस्था** | २६,८९,८९,६७४ |
| **आन्तरिक आय** | ३,४२,३५,५८५ | | |
| **अन्य आय** | १९,०४,४१,५०५ | | |
| **कुल आय** | ९८,६७,५२,९५५ | **कुल खर्च** | १,०३,९६,२२,२९६ |
| **बाँकी मौज्दात** | | १७,२८,५५,२६६ | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मण्डनदेउपुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, ८९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ६५९ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचितकोष<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को एकीकृत वित्तीय प्रतिवेदन निम्न बमोजिम रहेको छः
<table>
<tr><th rowspan="2">सि.नं</th><th colspan="3">आयतर्फ</th><th rowspan="2">सि.नं</th><th colspan="3">व्ययतर्फ</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>रकम</th><th>विवरण</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>२२५७२४६०७</td><td>१</td><td>चालु खर्च</td><td></td><td>४१४३६५८१९</td></tr>
<tr><td></td><td>संचितकोषबाट</td><td>१९६५६७७११</td><td></td><td></td><td>मण्डनदेउपुर नगर कार्यपालिका: चालु</td><td>१४५१०१७००</td><td></td></tr>
<tr><td></td><td>धरौटीबाट</td><td>१३७१२४१९</td><td></td><td></td><td>कृषि तथा पशुपन्छी विकास : चालु</td><td>५६५४०५४</td><td></td></tr>
<tr><td></td><td>प्रकोप कोषबाट</td><td>९०४४४२२</td><td></td><td></td><td>मण्डनदेउपुर नगरपालिका - शिक्षा : चालु</td><td>३५७६१५९४</td><td></td></tr>
<tr><td></td><td>मर्मत सम्भार कोष</td><td>३८४१२०८</td><td></td><td></td><td>मण्डनदेउपुर नगरपालिका - स्वास्थ्य बजेट प्रकार : चालु</td><td>३०१८२३८</td><td></td></tr>
<tr><td></td><td>विविध खर्च खाता</td><td>२५५८८४६</td><td></td><td></td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट :चालु</td><td>२२१८४८८३३</td><td></td></tr>
<tr><td>२</td><td>राजस्व ( आन्तरिक आय)</td><td></td><td>२६३४६१४५०</td><td></td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट : चालु</td><td>२९८१४००</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) आन्तरिक राजस्व | ३४२३५५८५ | | २ | पुँजिगत खर्च | | ३५६२६६८०३ |
| | ख) राजस्व बाँडफाँड संघ | ८०३०९९३६ | | | मण्डनदेउपुर नगर कार्यपालिकाः पूंजीगत | २१४३०४०२० | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | २०६२७५७१ | | | मण्डनदेउपुर नगर कार्यपालिकाः शिक्षा पूंजीगत | २१०६८७९ | |
| | घ) राजस्व बाँडफाँड स्थानीय | ५८७०७८८४ | | | मण्डनदेउपुर नगरपालिका - स्वास्थ्य बजेट प्रकार : पूंजीगत | ३९२७५२९० | |
| | ङ) घरजग्गा रजिष्टेशन दस्तुर | ६९५८०४७३ | | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट : पूंजीगत | ५७४४५१८९ | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ४६०९८८००० | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट : पूंजीगत | ४३१३५४२५ | |
| | समानिकरण अनुदान | ११७८००००० | | ३ | अन्य कोषहरुको खर्च | | २१५५३८०५ |
| | शशर्त अनुदान चालु | २७७५८८००० | | | धरौटी | ६६४०१३८ | |
| | विषेश अनुदान | २४१००००० | | | प्रकोप व्यवस्थापन कोष | ८१०८४०६ | |
| | समपुरक अनुदान चालु | ४१५००००० | | | मर्मत सम्भार कोष | ३२८९२४९ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७१८६२००० | | विविध खर्च खताबाट खर्च | ३५१६०१२ | |
| | समानिकरण अनुदान | ९७५७००० | | ४ | अन्तर स्थानीय तहबाट प्राप्त | | १६७५६०९१७ |
| | शशर्त अनुदान चालु | २६१३३००० | | | पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम | १४०४७७५ | |
| | विषेश अनुदान | ६०००००० | | | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रबर्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम | ८१७१०२१ | |
| | समपुरक अनुदान चालु | २९९७२००० | | | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३७७३६५१ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १६७५६०९१७ | | सामाजिक सुरक्षा तथा संरक्षण | १३७३४०६३३ | |
| | पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम | १४०४७७५ | | | स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | १२०००००० | |
| | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम | ८१७१०२१ | | | पर्यटन पूर्वाधार विकास आयोजना | ४८७०८३७ | |
| | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३७७३६५१ | | ५ | फिर्ता | | ७९८७४९५३ |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १३७३४०६३३ | | | संघ चालु तर्फ | ३७२५६९६७ | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | १२०००००० | | | संघ पुँजिगत तर्फ | २६६२९८११ | |
| | पर्यटन पूर्वाधार विकास आयोजना | ४८७०८३७ | | | प्रदेश चालु तर्फ | ३१५१६०० | |
| ६ | धरौटी प्राप्त | १०९८१७४९ | १०९८१७४९ | | प्रदेश पुँजिगत तर्फ | १२८३६५७५ | |
| ७ | अन्य | | | ६ | मौज्दात | | १७२८५५२६६ |
| क | विविध कोष खाता | | ७८९८९५१ | | संचित कोष खाता | १४२३७१५८५ | |
| | मर्मत सम्भार कोष | ४०७५८२५ | | | विविध कोष खाता | ८४५०९१० | |
| | अन्य कोष | ३८२३१२६ | | | प्रकोप व्यवस्थापन कोष | ९३६०१६ | |
| ख | प्रकोप कोषमा प्राप्त | ० | ० | | विविध खर्च खाता | ३०४२७२४ | |
| ग | विविध खर्च खाता | | ३९९९८८९ | | धरौटी | १८०५४०३१ | |
| | सडक बोर्डबाट प्राप्त | १९२७९४४ | | | | | |
| | IT को तलब भत्ताका लागि प्राप्त | ३८८००० | | | | | |
| | जनसहभागिता बाट प्राप्त नगद | १६८३९४५ | | | | | |
| | जम्मा | | १२१२४७७५६३ | | जम्मा | | १२१२४७७५६३ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>विभिन्न समयमा कार्यक्रम संचालन खर्च भुक्तानीमा कट्टा भएको कर रु २३८१७।- लेखापरीक्षण अवधिमा दाखिला भएको छ। | |
| ४ | | | **अनुदान फिर्ता**<br>आर्थिक वर्ष २०७८।७९ मा निकासा मध्ये बाँकी रहेका संघीय सशर्त अनुदान तर्फ रु.६,३८,९३,९७७।७२ र प्रदेश सशर्त अनुदानको रु.१,५९,८८,१७५।- समेत जम्मा रु.७,९८,८२,१५२।७२ राष्ट्रिय वाणिज्य बैङ्कमा दाखिला भएको छ । | |
| ५ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भए तापनि पूर्ण रुपमा लेखाङ्कन हुन सकेको छैन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पूर्ण रुपमा प्रयोग गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| ६ | | | **कर कट्टी दाखिला बाँकी**<br>***✂......(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.1,10,000।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ७ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.२८,९६,२३,०३२।९८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२२,५७,२४,६०६।९५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६,३८,९८,४२६।०३ घटी जिम्मेवारी सारेको सम्बन्धमा आर्थिक वर्ष २०७७।७८ को प्रदेश र संघ सशर्त अनुदानको फिर्ता गर्नुपर्ने रु.६,६६,५८,४६७।१२ आर्थिक वर्ष २०७८।७९ अल्यामा समावेश नगरी फिर्ता गरेको विवरण उपलब्ध गराएको छ। | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **बजेट पेस, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री निर्माला शाहीले २०७८।३।१० गते रु.१अर्ब १८ करोड ७८ लाख ५७ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेस गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १० | | | **अबण्डा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ भैपरी आउने शीर्षकमा रु.१९,९४,६४३।- र पुँजीगततर्फ भैपरी आउने शीर्षकमा रु.८०,००,०००।- बजेट व्यवस्था गरी रु.९९,९४,६४३। खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>क्षेत्रगत बजेट तथा खर्च<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>५९१६९९४०</td><td>३०५८३३२४</td><td>३.९७</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>४१८१२६५९४</td><td>३३६३८३५८४</td><td>४३.६५</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>४६३९७२३८३</td><td>२२९६६७५१५</td><td>२९.८०</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>३८४७६२००</td><td>१४४८६२४७</td><td>१.८८</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>२३९६९९५९०</td><td>१५९५११९५२</td><td>२०.७०</td></tr>
<tr><td>जम्मा</td><td>१२१९४४४७०७</td><td>७७०६३२६२२</td><td>१००.००</td></tr>
</table>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४३.६५ प्रतशित र वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा सबैभन्दा घटी १.८८ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कानुन निर्माण तथा कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २८ ऐन, ७ नियमावली, ३० कार्यविधि, २ निर्देशिका र ५ नर्म्स समेत ७२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>रकमान्तर<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकत पहिचान गरी छनौट गरेका ४३ योजना</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा कार्यक्रमको रु.१३,५३,०८,७१९।- रकमान्तर गरेको छ । यसरी कारण बेगर रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १४ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २० र यो बर्ष थप भएको ३६ गरी कुल ५६ विवाद दर्ता भएकोमा १७ वटा मात्र फस्यौंट भई ३९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १५ | | | **योजना तथा कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः | |

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १२ | १२००००० |
| २ | रु. १ लाख एकदेखि पाँचलाख सम्मकबा योजना | १८६ | ५९२०००००० |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | ५४ | ३२००००००० |
| ४ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | २८ | ४६९०००००० |
| ५ | रु.५० लाख भन्दा माथिका | २ | १४९०००००० |
| | जम्मा | २८२ | १५४२०००००० |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष २८२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **अनुदान फिर्ता बाँकी**<br>***✂……(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.७,२००।- सम्परीक्षण गरिएको ।)*** | ० |
| १७ | | | **चौमासिक पुँजीगत खर्च**<br>कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहायअनुसार छः | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | मण्डनदेउपुर नगर कार्यपालिका | २१४३०४ | १७६०५ | ८५९९४ | ११०७०३ | ६१३२५ |
| २ | शिक्षा | २१०६ | ० | | २१०६ | १८१७ |
| ३ | स्वास्थ्य | ३९२७५ | ३६९१ | २२०६४ | १३५२० | १४९३ |
| ४ | संघिय सरकारबाट हस्तान्तरीत | ५७४४५ | ० | १४०९८ | ४३३४७ | २४९५६ |
| ५ | प्रदेश सरकारबाट हस्तान्तरीत | ४३१३५ | ० | ६२६० | ३६८७४ | २८६३३ |
| | जम्मा | ३५६२६५ | २१२९६ | १२८४१६ | २०६५५० | ११८२२४ |
| | प्रतिशत | १०० | ५.९८ | ३६.०५ | ५७.९८ | ३३.१८ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३५ करोऊ ६२ लाख ६५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.२ करोड १२ लाख ९६ हजार अर्थात् ५.९८ प्रतिशत, दोश्रो चौमासिकमा रु.१२ करोड ८४ लाख १६ हजार अर्थात् ३६.०५ प्रतिशत र तेश्रो चौमासिकमा रु.२० करोऊ ६५ लाख ५० हजार अर्थात् ५७.९८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.११ करोड ८२ लाख २४ हजार अर्थात् ३३.१८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १८ | | | **तलबी प्रतिवेदन पारित**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७खर बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.२,००,३८,७२९।४९ खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |
| १९ | | | **सेवा प्रवाह**<br>लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७८।७९ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।<br>सि.नं. / विवरण / विवरण सेवा प्रासिका लागि निवेदन र सिफारिस सख्या<br>१ / विवाह दर्ता / ७७९<br>२ / जन्म दर्ता / १४९४<br>३ / मृत्यु दर्ता / ४५६<br>४ / बसाईसराई दर्ता / ९६<br>५ / सम्बन्ध विच्छेद / ३८ | |
| २० | | | **पेस्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले | १६८,६४९ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

फस्यौंट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेस्कीलाई बेरुजु नमानिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल पेस्की रु.१,६७,७०,०८४।- बाँकी रहेकोमा म्याद ननाघेको पेस्की रु.१,६६,०१,४३५।- र देहाय अनुसार म्याद नाघेको रु.१,६८,६४९।- पेस्की फस्यौंट नभई बाँकी रहेको देखियो । नियमानुसार उक्त पेस्की असुल फस्यौंट हुनुपर्ने रु.

| सि.नं. | पेश्की लिएको मिति | भौ नं | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | पेस्की बाँकी | | |
|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १ | ठेकेदार | | | | | |
| १ | ६५२६३ | २९ | धर्म एस । ग्रीनतारा जे.भी. | २३१९३५ | ० | २३१९३५ |
| २ | ६५२७९ | २ | आत्रेय । बिकास एण्ड ब्रदर्श । त्रिबेणी जे.भी | ५५००००० | ० | ५५००००० |
| ३ | ६५२९९ | ४ | ए.बि.एस । रोयल । काला भैरव – जेभी | २६३००० | ० | २६३००० |
| ४ | ६५२९९ | ४७ | धर्म एस । ग्रीनतारा जे.भी. | १८८५००० | ० | १८८५००० |
| ५ | ६५३३९ | ९ | आत्रेय । बिकास एण्ड ब्रदर्श । त्रिबेणी जे.भी | ५५००००० | ० | ५५००००० |
| ६ | ६५३७८ | ८ | रुक्मिनी इन्जिनियरिङग् एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ५२८३०० | ० | ५२८३०० |
| ७ | ६५३७८ | १६ | रुक्मिनी इन्जिनियरिङग् एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १०८२९०० | ० | १०८२९०० |
| ८ | ६५४३८ | १६ | रुक्मिनी इन्जिनियरिङग् एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ५२८३०० | ० | ५२८३०० |
| ९ | ६५४३८ | २३ | रुक्मिनी इन्जिनियरिङग् एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १०८२००० | ० | १०८२००० |
| २ | व्यक्तिगत | | | | | ० |
| १ | ६५२२९ | १६ | दिपक कुमार घिमिरे | | १००३० | १००३० |
| २ | ६५२३३ | २१ | दिपक कुमार घिमिरे | | ५७२१९ | ५७२१९ |
| ३ | ६५३६९ | ६५ | दिपक कुमार घिमिरे | | १०१४०० | १०१४०० |
| | | | जम्मा | १६६०१४३५ | १६८६४९ | १६७७००८४ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन,सञ्चालन,व्यवस्थापन,सेवाको शर्त तथा सुविधा सम्बन्धी अधारभूत सिद्धान्त र मापदण्ड सङघिय कानुन बमोजिम हुनेछ, दफा ८६(२) मा उपदफा १ को अधिनमा रही स्थानीय सेवाको गठन,सञ्चालन,व्यवस्थापन,सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ। पालिकाले २०७८।९।३० गतको दशौं नगर सभाको निर्णय बमोजिम २८ जना कर्मचारीलाई बढीमा १० दिनको तलब बराबरको प्रोत्साहन रकम रु २०७९७९।००बरावर खर्च लेखेको छ । | |
| २२ | | | **करारका कर्मचारीलाई कल्याण कोष**<br>निजामती सेवा ऐन, २०४९ को दफा ३१ मा निजामती कर्मचारीहरुको मात्र मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरीदिने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकतालाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष ऐन,२०७४ निर्माण गरी सोही अनुरुप करारका कर्मचारीको तलव स्केल बाट १०प्रतिशतका दरले रकम कट्टा गरी सोही रकम बराबर पालिकाले थप गरी कल्याण कोपमा जम्मा गर्ने गरेको देखिएको छ । सो कार्य वापत पालिकालाई आव २०७८।७९ मा रु ११,५२,५१५.०० थप व्ययभार परेको छ । | |
| २३ | | | **बढी आमन्त्रीत**<br>सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड,२०७७ को बुँदा नं ६ को ७ मा कानुन बमोजिम गठन भएको समिति वा संचालक समितिको बैठकमा विषय विज्ञ बाहेक आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता नपाउने तथा अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ मा बैठकमा आमन्त्रित सदस्य संख्या ३ जना भन्दा बढी राख्न नमिल्ने व्यहोरा उल्लेख छ । पालिकाले विभिन्न प्रकारका बैठक भत्ता भुक्तानीमा समितिका सदस्यहरु बाहेकका आमन्त्रितको संख्या तोकिए भन्दा बढी राखी भुक्तानी गरेको देखियो। तसर्थ तोकिएका निर्देशिका तथा मापदण्डको पालना गरी खर्च नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ। यसका केही उदाहरण निम्न अनुसार रहेको छ । | |

| भौचर नं र मिति | बैठक | बिबरण | रकम |
|---|---|---|---|
| १८७।२०७८।९।११ | जग्गा प्राप्ति समिति | समिति ४ जना आमन्त्रित ९ जना | १९५०० |
| ४५९।२०७९।२।९ | जलस्रोत समिति | समिति ७ जना आमन्त्रित ७ जना | २१०० |
| | | **जम्मा** | ४०५०० |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **बेरीतको कर विजक**<br>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्ध कर मा दर्ता भएको व्यक्तीले कुनै वस्तु वा सेवा अपूर्ती गर्दा कर अभिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बिजक दिनु पर्ने व्यवस्था१ छ । कार्यालयले भुक्तानी गरेको निम्न फर्मले जारीगरेको कर बिजकमा हातले कर बिजक नं केरमेट गरेको पाइयो रितपूर्वक कर बिजक जारी नगरी भुक्तानी लिएको रकमको कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा अन्यथा असुल गर्नुपर्ने रु. | १३०,५८२ |

| गो भौ नं र मिति | कर बिजक नं र मिति | फर्मको नाम | भूक्तानी रकम | मू अ कर |
|---|---|---|---|---|
| १७७।२०७८।९।६ | ११६र११७।२०७८।७।८ | न्यु दिप अटो वर्कशप | १२४१८७ | १४२८७ |
| | | | ६०४५५ | ६९५५ |
| | १२२।२०७८।७।२५ | | १७५३७६ | २०१७६ |
| २८२।२०७८।११।३ | १४५र१४६।२०७८।१०।६ | न्यु दिप अटो वर्कशप | १७३११६ | १९९१६ |
| | | | ९०८५२ | १०४०० |
| ३३६।२०७८।१२।१ | ११०।२०७८।११।२५ | बुद्धभूमि वेभरेज प्रा लि | १८९० | २१८ |
| ३७५।२०७८।१२।२२ | १७१।२०७८।१२।२० | न्यु दिप अटो वर्कशप | ११०८५३ | १२७५३ |
| ६४४।२०७९।३।२५ | १७५।२०७९।१।२३ | न्यु दिप अटो वर्कशप | ११५५९९ | १३२९९ |
| ६४४।२०७९।३।२५ | १७८।२०७९।२।१९ | न्यु दिप अटो वर्कशप | ११७२९३ | ३२५७८ |
| | | | **जम्मा** | **१३०५८२** |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **सेवाशुल्कमा कर कट्टी**<br>आयकर ऐन २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी | १०७,८०५ |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारका सेवा सम्झौतामा मा भुक्तानी गर्दा १.५ प्रतिशतका दरले मात्र कर कट्टी गरेको हुँदा छुट कर रकम असुल गरी दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>गोश्वारा भौचर नं र मिति</th><th>सेवाप्रदायकको नाम</th><th>काम</th><th>कुलर कम</th><th>लाग्ने कर</th><th>कट्टी कर</th><th>नपुग कर रकम</th></tr>
<tr><td>३०७।२०७८।११।२३</td><td>कोशिस इन्टर प्राइजेज</td><td>खुर्सानी र टमाटरको सस बनाउने तालिम</td><td>१२५०००</td><td>१८७५०</td><td>१८७५</td><td>१६८७५</td></tr>
<tr><td>३२०।२०७८।११।२६</td><td>नेपाल तामाङ कलाकार संघ</td><td>सांस्कृतिक कार्यक्रम</td><td>१०००००</td><td>१५०००</td><td>१५००</td><td>१३५००</td></tr>
<tr><td>२१२।२०७८।९।२३</td><td>द माउन्ट एभरेष्ट तेक्वान्दो डोजाङ</td><td>३ दिने आत्मरक्षा प्रशिक्षाण तालिम</td><td>२१८०००</td><td>३२४००</td><td>३२७०</td><td>२९१३०</td></tr>
<tr><td rowspan="3">३४।२०७९।३।२१</td><td>प्रतिक कुमार लामा</td><td rowspan="3">मातृ भाषा तथा स्थानीय पाठ्यक्रम निर्माण</td><td>१७५०००</td><td>२६२५०</td><td>१७५०</td><td>२४५००</td></tr>
<tr><td>रमेश बहादुर राई डोने</td><td>३००००</td><td>४५००</td><td>३००</td><td>४२००</td></tr>
<tr><td>राम बहादुर राई डोने</td><td>३००००</td><td>४५००</td><td>३००</td><td>४२००</td></tr>
<tr><td>३५।२०७९।३।२३</td><td>सानुकाजी महत</td><td>स्थानीय पाठ्यक्रम लेखन तथा सम्पादन</td><td>११००००</td><td>१६५००</td><td>११००</td><td>१५४००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१०७८०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बढी दररेटको बैठक भत्ता<br>✂.....(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.१३,६००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कार्यक्रम अनुगमन<br>✂.....(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.५१,८५०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>टोल विकास संस्था<br>नेपाल सरकारको उपलब्ध बजेट शीर्षकबाट सहकारी संस्थाको खर्च भुक्तानी गर्न मिल्ने स्पष्ट कानुनी आधारको व्यवस्था रहेको देखिदैन। पालिकाले आफ्नो स्वामित्व भन्दा बाहिरका निकायको खर्च गर्नको लागि कुनै कानुनी आधार देखिदैन ।पालिकाले</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आफ्नो क्षेत्र भित्रका ४१ वटा टोल विकास संस्थाको लेखापरीक्षण शुल्कवापत प्रत्येक संस्थाका लागि रु पाँच हजारका दरले रु २,०५,०००.००खर्च गरेको देखिएको छ । यस प्रकारको खर्च नियमसम्मत देखिएन । | |
| २९ | | | **कर कट्टा नगरेको:**<br>कर कट्टा नभएको: आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा खर्च भुक्तानी गर्दा कर कट्टा गरी दाखिला गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले समुदायमा आधारित पुनस्थापना कार्यक्रम अन्तर्गतको भुक्तानीमा स्रोत व्यवस्थापन तथा ग्रामिण सशक्तीकरण केन्द्र रिमरेकलाई मिति २०७९।१।५ को सम्झौता बमोजिमको भुक्तानीमा संस्थाले आफ्नो वील पेश नगरेको तथा कार्यक्रम खर्च रु २,९८,४००।भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्नेमा सो नगरी भुक्तानी गरेको देखियो।तसर्थ १५ प्रतिशत कर रकम रु ४४,७६०।मा कट्टा भएको अग्रिम कर रु१२,४८४।घटाई नपुग रु ३२,२७६।असुल हुनु पर्ने रु. | ३२,२७६ |
| ३० | | | **दाखिला गर्नु पर्ने कर:**<br>आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा खर्च भुक्तानी गर्दा कर कट्टा गरी दाखिला गर्नु पर्ने व्यवस्था उल्लेख छ।पालिकाले भौचर नं ६६५ मिति २०७९।३।२५ को नगरसभा संचालन खर्च भुक्तानीमा कट्टा भएको कर दाखिला गर्न बाँकी रु ४१०३। र भौचर नं ४३२ मिति २०७९।१।१५ को विभिन्न वडामा संचालन भएको स्थानीय ऐन कानून सम्बन्धि तालिम संचालनमा भएको खर्च भुक्तानीमा नपुग कर दाखिला बाँकी रु ३६००। गरी कुल रु ७७०३। कर दाखिला भएको गरेको देखिएन। तसर्थ दाखिला बाँकी कर रकम दाखिलाको प्रमाण पेश हुनु पर्ने रु | ७,७०३ |
| ३१ | | | **अन्य निकायको खर्च:**<br>नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।जुन रकम नपुग भएमा तालुक निकायसंग नै माग गर्नु पर्दछ ।तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो।पालिकाले अन्य निकायबाट संचालन भएको कार्यक्रमको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौचर नं र मिति</th><th>विबरण</th><th>भुक्तानी</th><th>रकम</th></tr>
<tr><td>५८६,३।२०</td><td>नागरिकता अनुसुचि व्यान्डिङ्ग कार्यको विल भुक्तानी</td><td>जिल्ला प्रशासन कार्यालय</td><td>२७६२४५।</td></tr>
<tr><td>६७९,३।२२</td><td>प्रहरी कार्यालयका कर्मचारी नविन घोरासाईने र कृष्ण बहादुर बजगाईको पेश्की फछ्र्यौट</td><td>प्रहरी चौकी हिगुवापाटी र देउपुरलाई रु ५० हजारका दरमा</td><td>१०००००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६७२४५।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>महंगी भत्ताः<br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१।१९ को निर्णय अनुसार सवै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन १८।२०७३।४७ चलानी नं २१७ मिति २०७४।१।२५ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता पाउने उल्लेख गरेको देखिदैन।पालिकाले करार कर्मचारीहरु स्वास्थ्य सेवा तर्फका १५ जना, नगरकार्यपालिका तर्फका ५९ जना,नगरपालिका अस्पताल तर्फका ३ जना र व्याक हो लोडर अपरेटर ४ जना गरी ८१ जनालाई मासिक रु २०००। का दरले महंगी भत्ता रु १९,४४,०००। भुक्तानी गरेको देखियो।यसरी निर्देशिका विपरितको नियममा उल्लेख नभएको महंगी भत्ता सुविधा भुक्तानी नियमसम्मत नभएको रु</td><td>१,९४४,०००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>जोखिम भत्ताः<br>कोरोना भाईरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यबस्थापन आदेश,२०७७ को बुँदा नं ४(क)मा जोखिम भत्ता प्राप्त गर्नका लागि काम गर्न खटीएको प्रमाण वा खटीएको स्थानमा कार्य गरेको प्रमाणित हाजिर,उपचारमा संलग्न जनशक्तीको हकमा शुरु परीक्षण गरेको विबरण,आईशोलेसनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका विरामीको विबरण पेश गर्नु पर्ने र जोखिम भत्ता जोखिमको क्षेत्र अनुसार मासिक तलबको तोकिएको प्रतिशतको आधारमा गर्नु भुक्तानी गर्नु पर्ने व्यहोरा उल्लेख छ ।पालिकाले सम्बन्धित निर्देशिका अनुसार नगरी १७ जना स्वास्थ्यकर्मीलाई दैनिक तलबको हिसावले</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मंसिर महिना देखि ५८ दिन सम्मको रु ८,२२,३८७। जोखिम भत्ता भुक्तानी गरेको देखियो। सम्बन्धित कार्यको आवश्यक प्रमाण कागजात संलग्न गरेर मात्र निर्देशिका अनुसार खर्च भुक्तानी गर्नु पर्दछ। | |
| ३४ | | | **कृषि पशु अनुदान कार्यक्रमः** सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि, पशु, सहकारी संस्थालाई पशु पालन, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिद वितरणमा अनुदान दिई रु.४८,३३,७००। खर्च गरेको छ तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनु पर्दछ। अनुदान कार्यक्रमका मुख्य व्यहोराहरु निम्न बमोजिम रहेको छ। | |

| अनुदान कार्यक्रम | खर्च रकम | अनुदान प्रतिशत |
|---|---|---|
| पशु अनुदानः | ११०७६००। | ६० प्रतिशत |
| गाई भैंसी प्रबर्द्धन कार्यक्रम | | |
| अपाङ्ग परिषद् कार्यक्रमा बाख्रा खरिद वितरण | १२६१००। | १०० प्रतिशत |
| संघीय तर्फः | | |
| विबरण प्राप्त नभएको | | |
| कृषि अनुदानः | ८०००००। | ५० प्रतिशत |
| नयाँ प्रविधि कृषि कार्यक्रम | | |
| प्लास्टिक टनेल वितरण | १००००००। | ५० प्रतिशत |
| कृषि चून वितरण | ३०००००। | ५० प्रतिशत |
| संघीय तर्फः | १५०००००। | ५० प्रतिशत |
| खाद्यान्न बालीको उन्नत बीउ वितरण | | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| ४८, ३३ , ७००। \| | |
| ३५ | | | **खाद्यान्न राहत वितरणः**<br>पालिकाले वडा नं ६ र ७ मा ईन्द्रावती मेलम्ची का बाढी पिडितलाई खाद्यान्न राहत वितरणका लागि रु १०,६३,७२०।को खाद्यान्न खरिद गरी वितरण गरेको देखियो। यस सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार रहेको छ ।<br>• अमित किराना पसलको मिति उल्लेख नभएको वील रकम रु ४,९५,७७५।भुक्तानीमा ३० के जि चामल २६५ बोरा र कालो दाल खरिद भएको ।ए श्रेष्ठ किराना पसलको मिति उल्लेख नभएको विल रकम रु ४,७६,१४५।भुक्तानीमा चिउरा १३३ बोरा, जिरा २६५ के जि, सनफ्लावर तेल ८० बक्स लगायतका खाद्यान्न सामाग्री खरिद भएको।<br>• खाद्यान्न खरिद विल तथा वितरण भर्पाईमा समेत मिति उल्लेख नभएकोले राहत वितरण कार्यक्रम खर्च कुन समयको हो सोको यकिन गर्न सकिएन।<br>• ईन्द्रावती मेलम्ची बाढी मिति २०७८।३।१ मा आएको तथा उक्त घटनाद्धारा क्षति भएको समयको पनि लामो अन्तराल भईसकेपछिको अवस्थामा समेत खाद्यान्न राहत कार्यक्रमको आवश्यकता थियो वा थिएन सम्बन्धमा पालिकाले यकिन गरेको विबरण स्रेस्तासाथ संलग्न नभएको।<br>• पालिकाले खरिद प्रकृया नअपनाई सोझै खरिद गरेका खाद्यान्न सामाग्रीको उपयोग योग्य मिति उल्लेख नगरी, कुन ब्राण्डको समेत नजनाई ३० के जि को चामल मात्र उल्लेख गरी खरिद भएको चामल लगायतका खाद्यान्न सामाग्री गुणस्तरीय छ भन्नेमा विश्वस्त हुन सकिएन । | |
| ३६ | | | **टनेल निर्माणः**<br>पालिकाले १०० प्रतिशत अनुदानमा प्लास्टिक टनेल निर्माणका लागि कृषि कार्यक्रम शिर्षको भौचर नं १६ मिति २०७९।१।४ मा रु १० लाखको प्लास्टिक टनेल सुप्रिम प्लास्टिक ट्रेडलिंक बाट ९० जिएसएमको ६/१२ को १६८ थान प्रति थान रु ५२२१।(भ्याट बाहेक)को दरमा खरिद भएको देखियो। यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्न बमोजिम रहेको छ।<br>• खरिद भई वितरीत टनेलको प्राविधिक नाँप जाँच सहितको कार्य सम्पन्न विबरण स्रेस्तासाथ संलग्न नभएकोले टनेल निर्माण भए वा भएनन् यकिन हुन सकिएन। | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मिति २०७८।१२।२९ मा खरिद भएको सामान मिति २०७९।९।१३ सम्ममा (९ महिना अवधिमा) जम्मा ६९ वटा मात्र वितरण भई ९९ वटा स्टोरमा नै रहेकोले कृषकको आवश्यकता तथा माग निर्धारण गरी सो बमोजिमको कार्यक्रम मात्र संचालन गर्नुपर्दछ।<br>• सरकारी खर्च रकम भुक्तानी तथा कार्यक्रम निर्धारणमा मितव्ययी र प्रभावकारी पक्षको समेत पालिकाले ध्यान दिनुपर्दछ। | |
| ३७ | | | **पशु कार्यक्रमः**<br>आर्थिक बर्ष २०७७।७८ को स्वीकृत कार्यक्रम बमोजिम ६० प्रतिशत अनुदानमा गाई भैंसी प्रबर्द्धन कार्यक्रम अन्तर्गत ४१ कृषकलाई गाई र भैंसी अनुदान बापतको रकम खातामा निकासा खर्च भुक्तानी गरेको देखियो। २९ वटा प्रति गाई रु ५००००।र १२ वटा प्रति भैंसी रु ३३०००।का दरले मुल्यांकन गरी २० प्रतिशत कृषकले व्यहोर्ने शर्तमा गाई र भैंसी गरी ४१ वटाको रु ११,०७,६००। रकम ४१ कृषकको खातामा जम्मा गरेको र सो पछिको कार्य विबरण तथा कृषकले गाई भैंसी खरिद गरेको विबरण संलग्न नभएकोले लक्ष्य अनुसारको कार्य भए वा भएनन् यकिन हुन सकिएन। तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी मितव्ययी रुपमा र प्रभावकारी रुपमा तोकीएको कार्यक्रम सम्पन्न भएको यकिन गरेर मात्र खर्च भुक्तानी गर्नु पर्दछ। | |
| ३८ | | | **पेश्की फर्छ्यौटः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को नियम ३९(५)मा खर्च भुक्तानीमा आबश्यक वील, भर्पाई र प्रमाण सहितको लेखा राख्नु पर्ने र सोही नियमको उपनियम १० मा संलग्न कागजातको आधारमा भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र रकम भुक्तानी गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले भौचर नं ४८४ मिति २०७९।२।१७ मा कुल्दीपा सापकोटाको पेश्की फर्छ्यौट रु १२६१००।मा अपाङ्ग परिषद कार्यक्रम संचालन अन्तर्गत १० वटा बाख्रा रु १००००।का दरले वितरण उल्लेख भएपनि कुन जातको बाख्रा, कति के जि को हो, सो नखुलेको तथा प्रतिस्पर्धाको आधारमा खरिद गरी वितरण गर्नु पर्नेमा सो नगरी बाख्रा बापतको रु १० हजार नगद बुझाएको र बाख्रा खरिद भनेर बुझिलिनेले ठाडो भर्पाई मात्र पेश भएको आधारमा रकम भुक्तानी भएकोले लक्ष्य अनुसारको कार्य सम्पन्न भए वा भएको यकिन गर्न सकिएन। | |
| ३९ | | | **अनुगमन तथा भ्रमणः** | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु ६१,५९,४७५।भ्रमण र अनुगमनमा खर्च भएको छ ।भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन। अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।<br>• अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ ।तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको अनुसुची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमणमा खटाउंने पदाधिकारीले विश्वासनीय आधार र प्रमाण स्थापित हुने गरी आन्तरिक नियन्त्रण प्रणालीको व्यबस्था समेत गर्नु पर्ने व्यबस्था उल्लेख भएकोमा पालिकाले सो नगरेकोले भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।<br>• उदाहरणका लागि अषाढ महिनामा भौचर नं ५२७ बाट रु १५९५००।१३ जनाको, भौचर नं ५४८ बाट रु १९६४००।, भौचर नं ६३५ बाट रु ४९८७३५।३४जनाको, भौचर नं ६६६ बाट रु ६८७००।, भौचर नं ६५५ बाट रु १०००००। र भौचर नं ६६७ बाट रु २२१७००। १३ जनाको गरी रु १२,४५,०३५। अषाढ महिनामा मात्र भुक्तानी भएको देखियो। के कार्यक्रमका लागि यति धेरै कर्मचारीलाई एकै पटक टि डि एस भुक्तानी गरेको हो सो स्पष्ट भएन।आर्थिक बर्षको अन्तमा खर्चलाई सपोर्ट गर्ने प्रमाण बेगर आवश्यकताको आधारमा भन्दा सुविधाको रुपमा मात्र रकम खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थालाई नियन्त्रण गर्ने तर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४० | | | **अनुगमन भत्ताः**<br>बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रको योजनाहरुको अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउंने व्यबस्था | १२३,६९० |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख भएको देखिदैंन। जेठ र अषाढको स्रेस्ता परिक्षणमा पालिकाले पदाधिकारी तथा कर्मचारीहरुलाई विभिन्न कार्यक्रम तथा योजनाहरु अनुगमन गरे बापत निम्न भौचर नं बाट अनुगमन भत्ता भुक्तानी गरेको देखियो। अनुगमन गरिएको कार्यक्रम तथा योजनाहरुको प्रतिबेदन समेत संलग्न नगरी ऐन तथा नियममा व्यबस्था नभएको खर्च भुक्तानी नियमसम्मत देखिएन ।
<table>
<tr><th>भौचर नं र मिति</th><th>अनुगमन कार्य</th><th>विबरण</th><th>कर पछिको रकम</th></tr>
<tr><td>६३१, ३।२४</td><td>प्राविधिक शीप विकास तालिम</td><td>१२ जनालाई रु १०००का दरले, भुक्तानी ( सुरज पौडेललाई )</td><td>३७५००।</td></tr>
<tr><td>६०७, ३।२३</td><td>कोभिडबाट रोजगारी गुमाएका परिवारलाई हस्तान्तरित कार्यक्रम</td><td></td><td>२५५००।</td></tr>
<tr><td>५१८, २।३०</td><td>परीक्षा अनुगमन भत्ता</td><td>९ जनालाई रु १०००का दरले, भुक्तानी ( लोकेन्द्र बहादुर विष्टलाई )</td><td>१८७००।</td></tr>
<tr><td>४७०, २।१२</td><td>योजना अनुगमन भत्ता</td><td>उपमेयर निर्मला शाही र सदस्य खड्ग बहादुर पुर्कोटीलाई</td><td>४१९९०।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२३६९०।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>संस्थाले सामान खरिदः<br>सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ४४ तथा नियमावलीको नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई रोजगारी श्रृजना गर्ने जस्ता निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता मार्फत गराउंन सकिने उल्लेख छ। पालिकाले वडा नं १२ को कृषि तर्फका ५० प्रतिशत साझेदारीमा नयाँ प्रविधि कृषि कार्यक्रम अन्तर्गत कृषि औजार खरिद रु ७,६८,०००।को मेसेनरी उपकरण (४१ थान मिनिट्रिलर) टोल विकास संस्था मार्फत खरिद गरेर बील पेशका आधारमा भुक्तानी गरेको देखियो। निम्न अनुसारका भौचर नं बाट विना प्रतिस्पर्धा सिधैं विल पेशका आधारमा खरिद भएका कार्य तथा सामान खरिद जस्ता प्रत्यक्ष रोजगारी शृजना नहुने कार्यका लागि उपभोक्ता समिति / टोल विकास संस्था मार्फत खरिद भएको कार्य नियम सम्मत नभएको ।</td><td>७६८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौचर नं र मिति</th><th>उपभोक्ता समिति</th><th>विबरण</th><th>रकम</th></tr>
<tr><td>६१८, ३।२३</td><td>गंगादेवी टोलविकास संस्था</td><td>१६ वटा मिनिट्रिलर ५ वटा पिठो पिस्ने मेसिन महेश्वर टयाक्टर सप्लायर्सबाट खरिद</td><td>३८४०००।</td></tr>
<tr><td>६१९, ३।२३</td><td>वागदेवी टोलविकास संस्था</td><td>२० वटा मिनिट्रिलर महेश्वर टयाक्टर सप्लायर्सबाट खरिद</td><td>३८४०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७६८०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
नम्स भन्दा बढी भुक्तानीः<br>
अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को बुँदा नं ७.१.१५ मा संचालित तालिम तथा कार्यक्रमको प्रशिक्षक र कार्यपत्र बापत पारीश्रमिक भुक्तानीमा १ दिनमा ४ वटा कक्षा मात्र संचालन गर्न मिल्ले र १ कक्षाको समयावधि १ घण्टा ३० मिनेटको हुनु पर्ने व्यबस्था उल्लेख छ। साथै २ दिन सम्मको कार्यक्रममा आतेजाते एकमुष्ट रु २००।र २ दिन भन्दा माथिको कार्यक्रममा एकमुष्ट रु ५००।सहभागी यातायात भत्ता दिन मिल्ले उल्लेख छ।पालिकाले निम्न कार्यक्रम संचालनमा प्रशिक्षक पारीश्रमिक तोकिएको संख्या भन्दा बढी र सहभागी यातायात खर्च तोकिएको नम्स र निर्देशिका भन्दा बढी खर्च भुक्तानी गरेको देखियो।नम्स र निर्देशिका भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>विबरण</th><th>कार्यक्रम संचालक</th><th>बढी रकम कर बाहेक</th></tr>
<tr><td>६०५,३।२२</td><td>जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता अभिबृद्धि तालिम २ दिन,<br>१.सहभागी यातायात ४५ जनालाई रु ९०००।भुक्तानी हुनु पर्नेमा दैनिक रु १०००।का दरले बढी भुक्तानी रु ८१,०००।<br>२.दिनको ४ कक्षा मात्र संचालन गरी २ दिनको ८ कक्षाको मात्र प्रशिक्षक भत्ता भुक्तानी गर्नु पर्नेमा १२ कक्षाको खर्च समाबेश, ४ कक्षा</td><td>काशीनाथ नेपालको पेश्की फछ्र्यौट रु ८,०८,७२०।</td><td>८९५००।</td></tr>
</table>
</td><td>१०१,९००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सेसन बढी खर्च उल्लेख भएको रु२५००।का दरले रु १००००।कर पछीको रु ८५००</td><td></td><td></td></tr>
<tr><td>४६३,२।१०</td><td>२०७९।१।१० मा वडा नं ५ मा १ दिने न्याय सम्पादनमा पत्रकारहरुको भुमिका विषयक अभिमुखिकरण कार्यक्रममा सहभागी ३१ जनालाई रु ६००। का दरले यातायात खर्च भुक्तानीमा बढी रु १२४००।</td><td>कुल्दीपा सापकोटालाई भुक्तानी</td><td>१२४००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०१९००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
डिपिआर खर्च<br>
बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>
रु. हजारमा
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>इन्द्रावती चाखोला आँशिखोला र थारखोला ढाँडखोलाको आईई</td><td>माउउन्टेन थट्स</td><td>१७९२</td><td>१७९२</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट कै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
सोझै खरिद<br>
सार्वजनिक खरिद ऐन,२ ०६३ को दफा ८५(१ख) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
संस्थाबाट सोझै खरिद गर्न नहुने व्यबस्था उल्लेख छ । पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा मसलन्द तथा कार्यालय सामग्री खरिद कार्य गर्दा नियम विपरीत टुक्रा पारी निम्न आपूर्तिकर्ताबाट निम्नानुसार सामग्री सोझै खरिद गरेको देखियो। खरिद कार्यलाई थप प्रभावकारी बनाउँन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेखुपर्दछ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>सामान आपूर्तकको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२४।२०७९।३।२४</td><td>वरदान सप्लायर्स एण्ड ट्रेडर्स</td><td>कार्यालय सामान</td><td>४४८८३६</td></tr>
<tr><td>२९।२०७९।३।२०</td><td>एन.वि. ट्रेडिङ्ग हाउस</td><td>ल्यापटप, प्रिन्टर</td><td>१६६५६०</td></tr>
<tr><td></td><td>सवल सप्लायर्स एण्ड ट्रेडिङ्ग हाउस</td><td>कार्यालय सामान</td><td>३२८८३</td></tr>
<tr><td>२७।२०७९।३।१५</td><td>लिंक ल्याब्स आइ.टी. सर्भिस प्रा.लि.</td><td>डेल कम्प्युटर</td><td>४१२५००</td></tr>
<tr><td>३०।२०७९।२।२४</td><td>वरदान सप्लायर्स</td><td>फर्निचर</td><td>४२३७५०</td></tr>
<tr><td>१६।२०७८।१२।३०</td><td>न्यू काठमाडौं ट्रेड लिङ्क प्रा.लि.</td><td>फर्निचर</td><td>३६४४२५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१८४८९५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदन नभएको<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । देहायका सामान आपूर्तिकर्ताबाट खरिद गरिएको सामानको लेखापरीक्षण अवधिसम्म पनि कार्यसम्पन्न प्रतिवेदन तयार नभएकोले सोको प्रमाण पेस हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>आपूर्तको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३०७।२०७९।३।२३</td><td>कृष्ण हार्डवेयर</td><td>एच.डि.पि. पाइप</td><td>३५४४१७</td></tr>
<tr><td>१९७।२०७९।२।५</td><td>एन.वि. ट्रेडिङ्ग हाउस</td><td>सिजी टिभी</td><td>४९६४४९</td></tr>
<tr><td>७०।२०७८।११।१५</td><td>एस. के. हार्डवेयर (गंगटे खोल्सा पाँच पिप्ले सिद्दाइ उ.स.)</td><td>पाइप</td><td>१६८०००</td></tr>
</table>
</td><td>८,२७४,६१५</td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १०९।२०७८।१२।१६ | कृष्ण हार्डवेयर | पाइप | ४९५०६६ |
| १७।२०७८।७।१० | लाली गुराँस तार जाली सोलुसन | ग्याविन (१४१ थान) | ४४९७८८ |
| विभिन्न | एरोन निर्माण सेवा | डिगुवा मोटरबाटो | ५२४०८७९ |
| २९।२०७९।३।२३ | श्रृजिता मेडिसिन एण्ड सर्जिकल सप्लायर्स | सर्जिकल सामान | १९८३८६ |
| २४।२०७९।३।७ | जि.एच. मेडिहेल्थ कन्सर्न प्रा.लि. | पोर्टेवल अल्ट्रासाउण्ड | ४८५९०० |
| २३।२०७९।३।७ | मेडिगोल्ड इन्टरनेशनल | मेडिकल औजार | ३८५७३० |
| | | जम्मा | ८२७४६१५ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **कार्यसम्पन्न प्रतिवेदन नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । देहायका विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आइ.टी. ल्याब स्थापना, सुदृढीकरण एवम् डिजिटल लाइब्रेरी स्थापना गर्न रु.५८,५०,०००।— भुक्तानी दिएको छ । विद्यालयले सामान खरिद गरेको बिल पेस गरेपनि जडानको कार्यसम्पन्न विवरण तयार गरेको छैन । विद्यालय वाइज आइ.टी. ल्याब स्थापना गरेको कार्यसम्पन्न प्रतिवेदन पेस गर्नुपर्ने रु. | ५,८५०,००० |

| भौ.नं./मिति | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३१।२०७९।३।२१ | ब्रम्हयाणी मा.वि. गैरी विसौना | आइटी ल्याब, डिजिटल लाइब्रेरी स्थापना | ६५०००० |
| | द्वारपालेश्वर आ.वि. नयाँगाउँ | | ६५०००० |
| | बालुवा मा.वि. देउपुर | | ६५०००० |
| | इन्द्रावती मा.वि. ज्याम्दी | | ६५०००० |
| | डेडिथुम्का मा.वि. ठोडिनी | | ६५०००० |
| | डेडिथुम्का मा.वि. महादेवस्थान | | ६५०००० |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>उमा सह शिक्षालय उच्च मा.वि. चण्डेनी</td><td></td><td>६५००००</td></tr>
<tr><td></td><td>विन्धवासिनी मा.वि. माझी गाउँ</td><td></td><td>६५००००</td></tr>
<tr><td></td><td>चण्डेनी मा. वि . तिमिल्सिना गाउँ</td><td></td><td>६५००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५८५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष एडभान्स कम्प्युटर इन्फोसिस प्रा.लि. बाट Hosptial Management System Software खरिद गरी भौ.नं. १३८।२०७९।२।९ बाट रु.४,०७,२५२।- खर्च लेखेकोमा उक्त सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>रितपूर्वकको कर विजक<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । देहायका फर्मले रकम भुक्तानी लिँदा बिल केरमेट गरेको, विल नं. हातले लेखेको हुँदा जारी भएको विजकको मूल्य अभिवृद्धि कर मध्ये कट्टी गरी बाँकी भुक्तानी लिएको मूल्य अभिवृद्धि कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाणसहितको विवरण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>बिल रकम</th><th>मू.अ. कर</th><th>मू.अ. कर कट्टी</th><th>मू.अ. कर भुक्तानी</th></tr>
<tr><td>२।२०७९।२।१</td><td>विकोई जयमाता जे.भी.</td><td>५३०९७३५</td><td>६९०२६५</td><td>३२७८७६</td><td>३६२३८९</td></tr>
<tr><td>२०७।२०७८।२।१७</td><td>विकोई जयमाता जे.भी.</td><td rowspan="2">९२८५३४१</td><td rowspan="2">१२०७०९४</td><td rowspan="2">१७६०१६</td><td rowspan="2">१०३१०७०</td></tr>
<tr><td>१३२।२०७८।१२।२१</td><td>विकोई जयमाता जे.भी.</td></tr>
</table>
</td><td>४,११९,३९५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९२।२०७८।११।२५</td><td>विकोई जयमाता जे.भी.</td><td>१०३९९८८७</td><td>१३५१९८५</td><td>४०५५९६</td><td>९४६३८९</td></tr>
<tr><td>१।२०७८।१०।१७</td><td>विकोई जयमाता जे.भी.</td><td rowspan="2">९०४०६७०</td><td rowspan="2">११७५२८७</td><td rowspan="2">३५२५८६</td><td rowspan="2">८२२७०१</td></tr>
<tr><td>५०।२०७८।१०।१७</td><td>विकोई जयमाता जे.भी.</td></tr>
<tr><td>२६।२०७८।८।२०</td><td>विकोई जयमाता जे.भी.</td><td>१०५१४८०६</td><td>१३३६९२४</td><td>४१००७८</td><td>९५६८४६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४४५५०४३९</td><td>५७६१५५५</td><td>१६७२१५२</td><td>४११९३९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम<br>
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम(सञ्चालन कार्यविधि) नियमावली, २०७६ कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार २ परियोजना सञ्चालन गर्न रु.२,२०,००,०००।- बजेट प्राप्त भएकोमा रु.१,६८,७०,८३७।- खर्च भएको देखिन्छ ।
<table>
<tr><th>आयोजनाको प्रकार</th><th>आयोजनाको संख्या</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>वित्तीय प्रगति प्रतिशत</th><th>भौतिक प्रगति प्रतिशत</th></tr>
<tr><td>भवन निर्माण</td><td>१</td><td>१२००००००</td><td>१२००००००</td><td>१००.००</td><td>१००.००</td></tr>
<tr><td>पर्यटन पूर्वाधार निर्माण</td><td>१</td><td>१०००००००</td><td>४८७०८३७</td><td>४८.७१</td><td>६०.००</td></tr>
<tr><td>जम्मा</td><td>२</td><td>२२००००००</td><td>१६८७०८३७</td><td></td><td></td></tr>
</table>
उल्लेखित आयोजना मध्ये १ योजना ठेक्काबाट र १ योजनाहरू उपभोक्ता समितिबाट गराएको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित योजनामा हेभी इक्युपमेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेतको भएका जटिल संरचना निर्माण गरेको, सम्पन्न योजनाहरूको मर्मत संम्भारको व्यवस्था नगरेको जस्ता कार्यहरू भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ विपरीत देखिन्छ ।
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>
बीमाको म्याद नभएको<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्य शुरु गर्नु अगावै सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मितिबाट डिफेक्ट ल्याविलिटीसम्म कभर गर्ने बीमाको पोलिसी सहित रकम तिरेको विजक
</td><td>२८५,३०२.७७</td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पेस हुनुपर्नेमा देहायअनुसारका निर्माण व्यवसायीले बीमा खर्च, ल्याब खर्च तथा एजविल ड्रइङ्गवापतको रकम बीमा प्रमाण बेगर भुक्तानी लिएकोले असुल गर्नुपर्ने रु. | |

| सि.नं. | निर्माण व्यवसायीको नाम | विवरण | बीमा खर्च |
|---|---|---|---|
| १ | एरोन निर्माण सेवा | हिगुवा पाटी फेदी वैकल्पिक सडक (फेज २) | २१७२०.०० |
| २ | महाविर निर्माण सेवा | सिमाघाट वैकल्पिक सडक | ८४३८.०० |
| ३ | उमा एण्ड कम्पनी टक्सार जे.भी. | तीनकुने सीमाघाट तल्लो बगर सडक | १५००००.०० |
| ४ | थोकर/निमा/लपुल जे.भी. | कुन्ता रातो पहिरो चैनपुर | ३९४६७.७७ |
| ५ | सलिन कन्स्ट्रक्सन | चैनपुर बैहबोट नयाँगाउँ | २४९७०.०० |
| ६ | महाविर निर्माण सेवा | मकैबारी ट्याङ्कीडाँडा सडक | २२६२७.०० |
| ७ | पि.एल. विल्डर्स | प्रशासनिक भवन पहुँच मार्ग | १८०८०.०० |
| | | **जम्मा** | **२८५३०२.७७** |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता बमोजिम समयमै कार्य सम्पादन नगरेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत बराबरको रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । मण्डनदेपुर नगरपालिकाले विभिन्न समय गरेको तपसिल बमोजिमका ठेक्काहरुको भुक्तानी गर्दा क्षतिपूर्ति वापतको रकम रु.२,५६,९९१।- कट्टा नगरी भुक्तानी गरेको देखिएको हुँदा नगरपालिकाले सम्झौता विपरीत सम्झौता मितिभन्दा पछि काम गर्ने कम्पनीको नाममा भुक्तानी गर्दा क्षतिपूर्ति बापत लाग्ने रकम कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा तपसिल बमोजिमका निर्माण कम्पनीहरुलाई कट्टा नगरी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु. | २५६,९९१ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो.भौ.नं | कामको विवरण | निर्माण कम्पनी | सम्झौता मिति | कार्यसम्पन्न गर्नुपर्ने मिति | अन्तिम विल भुक्तानी माग/कार्य सम्पन्न भएको भनिएको मिति मिति | सम्झौता रकम | ढिला दिन | क्षेतिपुर्ति वापतको कट्टा गर्नुपर्ने रकम (LD) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३९ | तिनकुने सिपाघाट तल्लोबजार कालोपत्रे | उमा एण्ड कम्पनी टक्सार जे.भी | २६/१०/२०७७ | १०/६/२०७८ | ७/७/२०७८ | १७३९११०२.२८/- | २६ | २२६०८४ | क्षतिपुर्ति वापतको रकम जम्मा ३९ दिनको कट्टा गर्नुपर्नेमा ३० दिनको मात्र कट्टा भएको देखिएकोले थप ९ दिनको |
| ६९/२०७८/११/०३ | हिगुवापाटी फेदी बैकल्पिक सडक | महाविर निर्माण सेवा | ३०/०३/२०७८ | १३/०९/२०७८ | १९/०८/२०७८ | १२०२१०७.८२/- | ५ | ३६०६ | |
| १७९/२०७९/१/१४ | मकैकारी ट्याङकीडाँडा सडक कालोपत्रे phase II | महाविर निर्माण सेवा | २६/०१/२०७८ | ९/७/२०७८ | १९/०८/२०७८ | ४८४१७१४.७८/- | ३९ | २१७८७ | |
| ४४/२०७८/०९/२६ | मकैकारी ट्याङकीडाँडा सडक कालोपत्रे phase III | महाविर निर्माण सेवा | २०७८।०३।३० | १३/०८/२०७८ | १९/०८/२०७८ | १४०२२६९.९९/- | ५ | ३५०६ | |
| २४०/२०७९/०३/०६ | कुन्ता पौवाटार सडक निर्माण PhaseII | महाविर निर्माण सेवा | ३०/०३/२०७८ | १३/०७/२०७८ | १९/०८/२०७८ | ८०३१११ | ५ | २००८ | |
| | | | | | | | जम्मा | २५६९९१ | |

| ५२ | | | मूल्य अभिवृद्धि कर | |
|---|---|---|---|---|

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.१ | | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा पालिकाले ढुङ्गा, गिट्टी, बालुवा आदिबाट आफुले प्राप्त गरेको मूल्य अभिवृद्धि कर आफैं आफ्नै नामबाट संघीय संचितकोषमा कर दाखिला गर्नुपर्दछ । देहायका मूल्य अभिवृद्धि कर कर संकलकले उठाएको मूल्य अभिवृद्धि कर कर संकलककै प्यान नं बाट दाखिला गरेको देखियो ।पालिकाले कार्यालयमा प्राप्त भएको मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला नगरी कर संकलककै प्यान नं मा दाखिला गरी दिंदा कर संकलकलाई दोहोरो लाभ भएको अवस्था छ। सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा केही कर संकलकले उक्त कर आफैले कर मिलान समेत गरेको जानकारी प्राप्त भयो । यस सम्बन्धमा पालिका प्रमुखलाई समेत जिम्मेवार बनाई छानविन गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार लाग्ने जरिवाना समेत हिसाब गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | २३,२३८,६२६ |

| आ.व. २०७७।७८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रसं | कर संकलकको नाम | क्षेत्र | किस्ता | सम्झौता रकम (मू अ क समेत) | राजश्व दाखिला | | |
| | | | | | रकम | भ्याट नं | राजश्व दाखिला शीर्षक नं. |
| १ | शिवश्री निर्माण सेवा (६०४१९६९१८) | | प्रथम | २४६६२४७० | २८३७२७५ | ६०४१९६९१८ | ३३३१४ |
| | | ईन्द्रावती नदी | दोश्रो | २४६६२४७० | २८३७२७५ | ६०४१९६९१८ | ३३३१३ |
| | | | तेश्रो | २४६६२४७० | १६७१२७२ | ६०४१९६९१८ | ३३३१३ |
| | | | चौथो | १४५२७२०८.४५ (विभिन्न कारणवश बाटो अवरुद्ध भई व्यवसायीले कर छुट पाउँ भनि दिएको निवेदनका आधारमा कार्यपालिकाको २०७८.०२.११ मा भएको | २८३७२७५ | ६०४१९६९१८ | ३३३१४ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | निर्णयअनुसार रु१०१३५२६१.१० छुट दिएको) | | | |
| | | जम्मा | | ८८५१४६१७ | १०१८३०९८ | | |
| २ | जिन्लप कन्स्ट्रक्सन (३०२११३६९५) | चाखोल आसीखोला | प्रथम | ४५९१०८ | | | |
| | | | दोश्रो | ४५९१०८ | १०५६३६ | ३०२११३६९५ | ३३३१३ |
| | | | तेश्रो | ४५९१०८ | ५२८१९ | ३०२११३६९५ | ३३३१४ |
| | | जम्मा | | १३७७३२५ | १५८४५५ | | |
| ३ | नेकुसिंह निर्माण सामग्री सप्लायर्स (३०४४२३६५१) | ढाँडखोला थारखोला | प्रथम | २८३ दिनको मु अ क बाहेक १५११९२० र मु अ कर १९६५५२ गरी जम्मा | | | |
| | | | दोश्रो | १७०८४७२ सम्झौता गर्दा एकमुष्ठ तिरेको | १९६५५२ | ३०४४२३६५१ | ३३३१३ |
| | | | तेश्रो | | | | |
| | | जम्मा | | १७०८४७२ | १९६५५२ | ३०४४२३६५१ | ३३३१३ |
| | | कुल जम्मा २०७७।७८ | | ९१६००४१४ | १०५३८१०४ | | |
| आ.व. २०७८।७९ | | | | | | | |
| | तपेश्वर निर्माण सेवा (६०३५०३८१८) | ईन्द्रावती नदी | प्रथम | ३१३५७६८८ | ३६०७५२२ | ६०३५०३८१८ | ३३३१७ |
| १ | | | दोश्रो | ४१८१०२५१ | ४८१००२९ | ६०३५०३८१८ | ३३३१७ |
| | | | तेश्रो | ३१३५७६८८ | ३६०७५२२ | ६०३५०३८१८ | ३३३१७ |
| | | जम्मा | | १०४५२५६२७ | १२०२५०७३ | | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>आश्रित निर्माण सेवा (६०४९९६६६२६)</td><td>चाखोल आसीखोला</td><td>प्रथम</td><td>१०७१४२८</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>दोश्रो</td><td>१०७१४२८</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>तेश्रो</td><td>१०७१४२८</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>३२१४२८५</td><td>३६९७८५</td><td>६०४९९६६६२६</td><td>३३३१४</td></tr>
<tr><td>३</td><td>गणेश प्रसाद सिम्खडा (१२६९८८११८)</td><td>ढाँडखोला थारखोला</td><td>प्रथम</td><td>कबोल अंक रु २४७५००० (भ्याट बाहेक) रहेकोमा रकम एकमुषठ बुझाउदा ५ प्रतिशत छुट दिएर भ्याट सहित २६५६९१२.५०</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>दोश्रो</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>तेश्रो</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२६५६९१३</td><td>३०५६६३</td><td>१२६९८८११८</td><td>३३३१४</td></tr>
<tr><td></td><td></td><td colspan="2">कुल जम्मा २०७८।७९</td><td>११०३९६८२५</td><td>१२७००५२१</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td></td><td>२०१९९७२३९</td><td>२३२३८६२५</td><td></td><td></td></tr>
</table>
पुनश्चः गत बिगतआर्थिक वर्षको राजश्व सम्बन्धि श्रेस्ता माग गर्दा पेश भएन । गत बिगत आर्थिक वर्ष पनि सोही ब्यहोरा रहेकोले जानकारी प्राप्त भएकोले पालिका प्रमुखलाई समेत जिम्मेवार बनाई यथाशिध्र छानविन गरी संकलित मूल्य अभिवृद्धि कर संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>पालिकाले प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा बिक्री) संकलन गर्न विभिन्न व्यक्ति तथा फर्मसँग सम्झौता गरेको छ। सम्झौतामा कुन स्थानबाट के, कति परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा बिक्री गर्न पाउने हो खुलाएको छैन । सम्झौता नं. १२ मा वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिए अनुसारको परिमाण मात्र संकलन तथा बिक्री गर्न सकिने उल्लेख छ । तर कुन खोला तथा प्लटमा के, कति परिमाण हो सोको विवरण पेस हुन सकेन । प्राकृतिक श्रोत संकलकले साप्ताहिक,</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अर्ध मासिक, मासिक तथा सम्झौता अवधिभर के, कति परिमाणमा प्राकृतिक श्रोत उत्खनन, संकलन तथा बिक्री भयो सोको विवरण पेस नगरेको तथा पालिकाले पनि नियमित अनुगमन तथा प्रतिवेदन गरी अभिलेखीकरण नगरेको कारण तोकिएको परिमाण मात्र प्राकृतिक श्रोत संकलन भयो भन्न सकिने अवस्था रहेन । यसबाट सम्झौताको पालना नहुँदा वातावरणीय पक्षमा प्रतिकूल प्रभाव पर्ने तथा पालिकालाई प्राप्त हुने राजस्वमा समेत कमी आउन जोखिम कायमै छ । यसतर्फ पालिको ध्यान जानुपर्दछ । | |
| ५३ | | | **मूल्य वृद्धि**<br>नगर अस्पतालको भवन मिति २०७८।४।८ गते निर्माण सम्पन्न गर्ने गरी रु.९,०६,८७,५८६।१९ को लागतमा मिति २०७७।१।१ गते निर्माण व्यवसायी सूर्यचन्द्र कन्स्ट्रक्सन कम्पनी प्रा.लि. सँग सम्झौता भएको थियो । कार्यपालिकाको निर्णयबाट मिति २०७८।१०।१५ गते दोश्रो पटक म्याद थप भएको देखिन्छ । यससम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नअनुसार छन्: | |
| ५३.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४)मा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न हुने अन्तिम मितिबाट १३ महिनासम्म रहेको बैङ्क जमानत हुनुपर्ने व्यवस्था छ । काम सम्पन्न हुने मिति २०७८।१०।१५ गते भएकोमा २०७९।११।१२ गतेसम्मको न्यूनतम बैङ्क जमानत राख्नुपर्नेमा रु.१,२४,७६,०००।– को मिति २०७९।५।२५ सम्मको मात्र बैङ्क जमानत भएको हुँदा सोको म्याद थपको प्रमाण पेस हुनुपर्ने रु. | १२,४७६,००० |
| ५३.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीले कावु बाहिरको परिस्थिति परेमा म्याद थप दिन सकिने व्यवस्था छ । तर ठेकेदारको ढिलासुस्तीको कारणले २ पटक म्याद थप दिएको छ । म्याद थप दिँदा पनि कार्यालयले म्याद थप पछाडि छैठौं रनिङ बिलमा मूल्य अभिवृद्धि कर समित रु.८,५०,८००।– मूल्य अभिवृद्धि कर दिएको देखियो । ठेकेदारको ढिलाईको कारण काम ढिला भएको कारण निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि दिन पाउने नदेखिएको हुँदा उक्त रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ८५०,८०० |
| ५३.३ | | | संलग्न फाँटबारीमा पि.एस. आइटम अन्तर्गत एज बिल ड्रइङ्ग वापत रु.४,००,०००।-, फोटो ग्राफी/भिडियो ग्राफी वापत रु.४८,०००।– र बीमावापत रु.२,०८,७२०।– को मिति २०७९।११।२५ सम्म रिक्स कभर हुने बीमाको रकम भुक्तानी | ६५६,७२० |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको विजक सहितको पोलिसी सहितको प्रमाण पेस नभएकोले सो समेत रु.६,५६,७२०।— असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु. | |
| ५४ | | | **संघ संस्थाबाट काम**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) मा संघ संस्थाबाट निर्माण कार्य गर्न गराउन सकिने व्यवस्था देखिँदैन। पालिकाले यस वर्ष विभिन्न युवा क्लव, टोल विकास संस्था, सहकारी लगायत गैरसहकारी ६५ संस्थाबाट १६३ वटा निर्माण सम्बन्धी काम गरी रु.५ करोड ९० लाख भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७ मा उपभोक्ताबाट रु.१ करोडसम्म लागत अनुमान भएको काम गर्न सकिने उल्लेख छ ।त्यस्तो काम उपभोक्ता वा सेवाग्राही आफैले उपभोग गर्ने र स्वामित्व लिने हुनुपर्दछ । प्रत्येक वडामा स्थापना भएका टोल विकास संस्था तथा क्लब मार्फत सिँचाइ, खानेपानी, भवन निर्माण, खेल मैदान, बाटो निर्माण गर्दा वास्तविक उपभोक्ता/सेवाग्राही नहुने, स्वामित्व नलिने र सेवाग्राहीको सहभागिता नहुने अवस्थामा पालिकाले यसरी काम लगाउनु नियमसम्मत देखिँदैन । यससम्बन्धमा नगर प्रमुख समेतको उपस्थितिमा छलफल हुँदा टोल विकासबाट काम गराउँदा टोल विकास एक स्थायी संस्था भएको, पालिकामा दर्ता, नवीकरण, लेखापरीक्षण हुने व्यवस्थाले काम गर्न सजिलो भएको जानकारी दिएको छ । यससम्बन्धमा नगरसभाबाट समेत निर्णय भएको देखियो । निर्माण काम गराउने कार्यमा पुर्नविचार गर्नुपर्दछ । | |
| ५५ | १६४ | २०७९-१-९ | **ह्यूम पाइपमा बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । नौविसे गेरुवाटोल विकास संस्थालाई नौविसे लम्साल कोशी खोल्सामा ह्यूमपाइप हालेवापत रु.३,५३,६०६।— भुक्तानी दिएको छ। उपभोक्ताले पेस गरेको खरिद बिल, कार्यबिल लगायतका फाँटबारी परीक्षण गर्दा कार्यबिलमा NP3 Humepipe 250mm को ३७.५० मिटर ह्यूमपाइप राखी रकम भुक्तानी दिएको छ । तर उपभोक्ताले मेलम्ची इन्द्रावती ह्यूमपाइप उद्योग प्रा.लि. बाट NP3 Humepipe २५० को ३० मिटर मात्र खरिद गरेकोले | १८,५६०.२५ |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिदभन्दा ७.५० मिटर बढी ह्यूमपाइप राखी प्रति मिटर रु.२४७४।७० को दरले रु.१८,५६०।२५ उपभोक्तालाई बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>निर्माण व्यवसायीबाट काम<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । पालिकामा देहायका उपभोक्ता समितिले लिएको काम आफैं नगरी सामान सप्लाई गर्ने निर्माण व्यवसायी मार्फत नै काम गराएको देखिन आयो । यससम्बन्धमा नगर प्रमुख समेतको रोहवरमा छलफल समेत भएको छ । उपभोक्ताले लागत अनुमानको ५ देखि १० प्रतिशतसम्म व्यहोर्ने गरी सम्झौता भएको छ। पालिकाले प्राविधिक दृष्टिकोणले जस्तै बाटो पिच गर्ने, ढलान गर्ने, भवन बनाउने जस्ता काम उपभोक्ता समितिबाट गराउनु उपयुक्त देखिएन । लागत हाराहारीमा उपभोक्ता समितिबाट काम गराउँदा गुणस्तरमा प्रश्न उठ्ने, नेपाल सरकारलाई प्राप्त हुने मूल्य अभिवृद्धि कर छुट हुने, एक स्थानबाट सामान प्राप्त गरी असम्बन्धित सप्लायर्सको विजक फाँटबारीमा समावेश गर्ने जस्ता अवस्था देखिएका छन् । यस सम्बन्धमा पालिकाबाटै छानविन गरी प्रतिवेदन पेस हुनुपर्दछ । केही उदाहरण निम्न अनुसार छन्ः
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी</th></tr>
<tr><td>३८१।२०७९।३।२५</td><td>रानिवन टोल विकास संस्था</td><td>२८२६३६</td><td>देउपुरवी देवी इट्टा उद्योग</td><td>३०६८९१</td></tr>
<tr><td>३३७।२०७९।३।२४</td><td>हलेदे टोल विकास संस्था</td><td>२८८०००</td><td>ओजस्वी कन्स्ट्रक्सन</td><td>३२१५०५</td></tr>
<tr><td>३३१।२०७९।३।२४</td><td>सल्लेवास आहाले चौर सडक उपभोक्ता समिति</td><td>२८८०००</td><td>नगरकोट तालुदुम कम्पनी प्रा.लि.</td><td>३४००८४</td></tr>
<tr><td>२९३।२०७९।३।२१</td><td>बालुवापाटी दुवागाउँ टोल विकास संस्था</td><td>२५५५८७</td><td>नगरकोट तालुदुम कम्पनी प्रा.लि.</td><td>२८०९१८</td></tr>
<tr><td>२४३।२०७९।३।१२</td><td>थानडाँडा टोल विकास सस्था (सुलिकोट च्यानडाँडा मोटरबाटो)</td><td>२७९४०८</td><td>माता अम्बिका सप्लायर्स</td><td>४३१८९६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१९।२०७९।२।२७</td><td>संवृद्धि हातेमालो टोल विकास संस्था (झगरेडाँडा तर्किनटार मोटरबाटो)</td><td>२८६९३६</td><td>नव आदर्श निर्माण सेवा</td><td>३२८१५२</td></tr>
<tr><td>१९१।२०७९।१।१९</td><td>भिमसेन स्थान सल्लेनीटार मोटर बाटो उपभोक्ता समिति</td><td>१९२०००</td><td>मखमली निर्माण सेवा</td><td>१२६६१६</td></tr>
<tr><td>१७५।२०७९।१।१९</td><td>सर्वझाङ मुल बाटोबाट हाते जाने बाटोको ट्र्याक निर्माण उपभोक्ता समिति</td><td>२७८००५</td><td>नगरकोट तालुदुम कम्पनी प्रा.लि.</td><td>३२७०००</td></tr>
<tr><td>१७४।२०७९।१।१४</td><td>सर्वझाङ चौतारा हुँदै लिस्ने डाँडा सडक निर्माण समिति</td><td>१४२५४४</td><td>नगरकोट तालुदुम कम्पनी प्रा.लि.</td><td>१६४९८०</td></tr>
<tr><td>१४५।२०७८।१२।२८</td><td>कोदारी डुम्रिडाँडा टोल विकास संस्था</td><td>३९७८००</td><td>ओजस्वी कन्स्ट्रक्सन</td><td>४१७६५३</td></tr>
<tr><td>१३८।२०७८।१२।२२</td><td>देविथान टोल विकास संस्था</td><td>३८४०००</td><td>सोनुजा सप्लायर्स</td><td>४३७३७०</td></tr>
<tr><td>१०५।२०७८।११।२९</td><td>७ नं. वडाको सम्पुर्ण शाखा बाटो मर्मत उ.स.</td><td>३७१७२०</td><td>ओजस्वी कन्स्ट्रक्सन</td><td>३३३९१९</td></tr>
<tr><td>११७।२०७८।१२।१७</td><td>सडक मर्मत तथा फुटबल ग्राउंड निर्माण उपभोक्ता समिति</td><td>७०००००</td><td>कौडिण्य कन्स्ट्रक्सन</td><td>८३४७३५</td></tr>
<tr><td>११६।२०७८।१२।१७</td><td>सडक मर्मत तथा फुटबल ग्राउंड निर्माण उपभोक्ता समिति (वडा नं. २, ३ र ४)</td><td>९२४३००</td><td>कौडिण्य कन्त्रिचितक्सन</td><td>९२७४६८</td></tr>
<tr><td>८२।२०७८।११।२२</td><td>चन्द्र सुर्य टोल विकास संस्था (चिज फ्याक्ट्री ठूलो सिम सडक)</td><td>४८००००</td><td>नगरकोट तालुदुम कम्पनी प्रा.लि.</td><td>५४८०५०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>६१२७२३७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बढी इन्धन<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । उपभोक्तालाई सम्झौता अनुसार रकम भुक्तानी दिनुपूर्व उपभोक्ताले पेस गरेको कार्यबिल सहितका बिल विजक तथा भरपाई परीक्षण गर्दा इन्धनको अस्वभाविक बिल विजक राखी बढी भुक्तानी लिएको देखियो । उपभोक्ताले सडकको स्तरोन्नति गर्दा वा नयाँ ट्र्याक खोल्दा मेसिन प्रयोग गरेपछि प्रयोग भएको मेसिनको लगबुक वडामा प्राविधिक, सुपरभाइजर, वडा अध्यक्ष वा अधिकार प्राप्त व्यक्तिबाट प्रमाणित गरी राखेको छैन । तथापि निर्माण</td><td>१,१९८,८१२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कम्पनीले उल्लेख गरेको घण्टा र सडक विभागले तोकिदिएको नर्म्स अनुसार सामान्य डोजर/एक्साभेटरलाई प्रतिघण्टा बढीमा १० लिटर तोकेको छ । केही निर्माण कम्पनीले ब्रेकर लगाएपनि पालिकाले तयार गरेको कार्यबिलमा हार्ड कटिङ्गको नापी गरेको देखिँदैन । तसर्थ सबै काम सामान्य डोजरबाटै भएको मान्नुपर्ने स्थिति छ । तसर्थ देहायका उपभोक्ता समितिलाई निर्माण कम्पनीले लगाएको कार्यघण्टा र इन्धन खपतबीच बढी खर्च देखाएकोले वडाबाटै छानविन गरी बढी इन्धनको (औषत मूल्य १४३) बिल राखी खर्च लेखेको असुल गरी सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी</th><th>कार्यघण्टा</th><th>लाग्ने इन्धन (लि.)</th><th>खरिद इन्धन (लि.)</th><th>बढी (लि.)</th><th>रकम</th></tr>
<tr><td>२८४।२०७९।३।२०</td><td>नयाँ गाउँ कोशी भञ्याङ सडक</td><td>९०२८८८</td><td>१५५</td><td>१५५०</td><td>२५३०</td><td>९८०</td><td>१४०१४०</td></tr>
<tr><td>२२२।२०७९।२।२९</td><td>रामपुर मसर छाया सडक ड्याम (छाप टोल विकास संस्था)</td><td>६४३३८४</td><td>९९</td><td>९८५</td><td>११२२</td><td>१३७</td><td>१९५९१</td></tr>
<tr><td>२२१।२०७९।२।२९</td><td>चिते टोल विकास संस्था (बालुवा पारी चिले घिसिङ्ग सडक)</td><td>२८८०००</td><td>६०</td><td>६००</td><td>९१२</td><td>३१२</td><td>४४६१६</td></tr>
<tr><td>१४५।२०७८।१२।२८</td><td>कोदारी डुम्रीडाँडा टोल विकास संस्था (सडक मर्मत)</td><td></td><td>२०</td><td>२००</td><td>२०६५</td><td>१८६५</td><td>२६६६९५</td></tr>
<tr><td>८६।२०७८।११।२२</td><td>डेडीदेवी टोल विकास संस्था</td><td>३८३७३९</td><td>५३</td><td>५३०</td><td>८५०</td><td>३२०</td><td>४५७६०</td></tr>
<tr><td>१०४।२०७८।११।२९</td><td>शंकरेबाँध तथा सिँचाई कुलो मर्मत</td><td>२७८९६०</td><td>७३</td><td>७३०</td><td>१३५०</td><td>६२०</td><td>८८६६०</td></tr>
